मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८२/०६/२९ बैठक संख्या : २०८२/०८३- ३ समय : विहान ११ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, वडा नं. ८ को सभाहल, सिम्पानी मनहरी।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई वितरण गर्ने निर्वाह भत्ता सम्बन्धमा ।

३. भवन अभिलेखिकरण तथा घर कायम म्याद थप सम्बन्धमा ।

४. खर्च व्यवस्थापन सम्बन्धमा ।

५. घ वर्गको निर्माण सम्बन्धी ईजाजत सम्बन्धमा ।

६. औषधि उपचार खर्च सम्बन्धमा ।

७. उपदान, विदा, औषधि उपचार वापतको रकम भुक्तानी सम्बन्धमा ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयबाट प्राप्त सुझाव सम्बन्धमा ।

९. दुध उत्पादनमा अनुदान कार्यक्रम सम्बन्धमा ।

१०. विपद्जन्य योजना सम्बन्धमा ।

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. पदपुर्ती सम्बन्धमा ।

१३. लागत साझेदारी योजना सम्बन्धमा ।

१४. खर्च शिर्षक परिवर्तन सम्बन्धमा ।

१५. धरौटी खातामा रकम जम्मा गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित शाखा/वडा कार्यालयलाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धीको समिक्षा गरियो साथै वार्षिक समिक्षा मिति २०८२/०६/३० गते विहान ११ बजे वडा नं. ८ को सभा हलमा संचालन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यविधि, २०८० बमोजिम मनहरी गाउँपालिकाभित्र स्थायी बसोबास गरी पहेंलो कार्ड (मध्यम अपाङ्गता परिचयपत्र) प्राप्त गरेका व्यक्तिहरुलाई बार्षिक रुपमा बैंक खाता मार्फत देहाय बमोजिम हुने गरी उपलब्ध गराउने ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

तपसिल :

| क्र. सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | हातको पंजा नभएको | ५००० | |
| २ | खुट्टाको पंजा नभएको | ६००० | |
| ३ | कुर्कुच्चा मुनिको दुबै पैताला नभएको | ७००० | |
| ४ | खुट्टा नभएको | ८००० | |
| ५ | हात नभएको | ६००० | |
| ६ | जटिल बौद्धिक/शारिरक अपाङ्गता भएका | ५००० | |
| ७ | अन्य अपाङ्ग | ३००० | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र स्थानीय सरकार गठन हुनु पुर्वका घरहरु अभिलेखिकरण गर्न छुटेकाले आ.व. ०८२/०८३ को असाढ मसान्त सम्मको लागि प्रति स्क्वायर फुट रु ५ थप जरिवाना कायम रहने गरी पुन : अभिलेखीकरण कार्य संचालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. ०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्बन्धित शिर्षकमा निकासा प्राप्त नभएको तर कार्यालयले तत्काल भुक्तानी नगरी नहुने अनुसूची – १ मा उल्लेखित योजना तथा कार्यक्रमको लागि अन्य उपर्युक्त शिर्षकबाट सोधभर्ना गर्ने गरी भुक्तानी गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा "घ" वर्गको निर्माण सम्बन्धी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुदाँ तपसिल बमोजिमको निर्माण व्यवसायी, फर्म, कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

कालाखेती

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

तपसिलः

| क्र.सं. | फर्मको नाम | संचालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ढकाल निर्माण सेवा प्रा. ली. मनहरी - १ | अन्जु सापकोटा | ६२२३८८२५८ | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको खा.पा.सा.टे. पदमा कार्यरत सहायक चौथो श्री सुमिक्षा आचार्य मिति २०८१/०८/२६ गते कार्यालयको कामको सिलशिलामा आयोजना स्थल फरिवाङ मा जाने क्रममा सवारी दुर्घटनामा परी घाईते हुनुभएकोले निजको औषधी उपचार वापतको खर्च मध्ये रु १,००,०००/- (एक लाख) आर्थिक सहायता शिर्षकबाट व्यहोर्ने गरी प्राप्त बिल भर्पाईको आधारमा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी नमूना गाउँ विकास समितिको कार्यालयबाट मिति २०५८/१२/०२ गतेदेखी लागु हुने गरी सहायक लेखापाल (सहायक चौथो) तहमा स्थायी नियुक्ती भई गाउँ विकास समितिको कार्यालय मनहरी मकवानपुरको पं. सं. ०७३/०७४, च.नं. १३२४ मिति २०७३/०९/२० गतेको बढुवा नियुक्ति पत्रानुसार २०७३/०९/२० गतेबाट लागुहुने गरी सहायकस्तर पाँचौं लेखापाल पदमा बढुवा भई कामकाज गर्दै आउनुभएको लेखापाल श्री ठाकुर कुमार बतौंलाको विद्यालय चारित्रिक प्रमाणपत्र र नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति २०२४/०४/२९ गते उल्लेख भएको हुदाँ मिति २०८२/०४/२९ निजको उमेर ५८ बर्ष पुरा हुने र निजामति सेवा ऐन २०४९ को दफा ३३ बमोजिम अनिवार्य अवकाश हुने हुदाँ जम्मा २३ वर्ष ४ महिना २७ दिन सेवा अवधिको उपदान, औषधिउपचार, संचित विदा वापतको हुन आउने एकमुष्ठ रकम कर्मचारी कल्याण कोष शिर्षक बाट भुक्तानी दिने, भुक्तानि दिदाँ अपुग रकम आगामी आ.व. मा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पं. सं. ०८२/०८३, च.नं. ११३, मिति २०८२/०६/०८ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनप्राथमिकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी परिपत्र बैठकमा जानकारी गराईयो। यस सम्बन्धमा नियमित कामको लागि गाउँ सभाबाट O$M मा स्वीकृत दरबन्दी



कालाखेती

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भन्दा बढी कर्मचारी सेवा करारमा नराखिएको तर गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न आयोजना तथा कार्यक्रमको अवधिभर मात्र सेवा करार तथा ज्यालादारीमा कर्मचारी राखिएकोमा हाल ती कर्मचारी हटाउँदा आयोजना तथा कार्यक्रम प्रभावित हुनेहुँदा हाल आयोजना तथा कार्यक्रमको लागि राखिएका कर्मचारीलाई चालु आ.व. २०८२/८३ का लागि निरन्तरता दिने र सोहि अनुसार कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. ०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रति लि. दुधमा रु ३ उत्पादनमा अनुदान लागि विनियोजित रकम (आन्तरिक श्रोत तर्फ रु ७५ लाख र प्रदेश शशर्त अनुदान तर्फ रु २५ लाख) तपशिल बमोजिमका सहकारी संस्थाहरु मार्फत देहाय बमोजिमको रकम कृषकहरुलाई अनुदान प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| क. सं. | सहकारीको नाम | दुधको परिमाण | रु ३ ले हुन आउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | साना किसान कृषि सहकारी सं. ली. मनहरी -८ | १४०८९०८.१ | ४२,२६,७२४.३ | |
| २ | संयुक्त जनजाग्रती दुग्ध उत्पादक सहकारी सं. ली. मनहरी -६ | ८८९५१.० | २,६६,८५३.० | |
| ३ | चुरीयामाई महिला वातावरण स्वावलम्वन व. उं. सहकारी संस्था ली. मनहरी — ३ | १८७६३१.७ | ५,६२,८९५.१ | |
| ४ | नमुना कृषक बहुमुखि सहकारी संस्था लि. मनहरी — ३ | २९२५५१.९ | ८,७७,६५५.७ | |
| ५ | क्षितिज दुग्ध उत्पादक सहकारी संस्था लि. मनहरी -१ | ४६५५७३.३६ | १३,९६,७२०.०८ | |
| ६ | साना किसान कृषि सहकारी सं. ली. मनहरी -३ | ७४९१८०.० | २२,४७,५४०.० | |
| ७ | जम्मा | ३१९२७९६.०६ | ९५,७८,३८८.२ | |

१०. प्रस्ताव नं. १० माथी छलफल गर्दा प्राकृतिक प्रकोप तथा विपद्का कारण गाउँपालिकाको तपसिल बमोजिमको स्थानमा प्रभावित सडक क्षेत्र तथा पूर्वाधार तत्काल खुला गरी आवगमनलाई सहज बनाउन देहाय बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

तपसिल :

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

| क्र. सं. | व्यक्ति वा संस्थाको नाम/ठेगाना | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मनहरी ३ श्री कृष्ण पौडेल | पालदमार स्थित ठाडोखोला किनारमा रहेको खानेपानी मुहान तथा झोलुङ्गे पुलको वालमा मर्मत तथा नदि नियन्त्रण | २,३०,०००/- | विपद् व्यवस्थापन कोष |
| २ | चिलाउनेटार हिलेदमार टोल विकास संस्था मनहरी ६ | चिलाउनेटार टोलको लागि सिमपानी खोल्चाबाट पानी ल्याउने | ९९,०००/- | |
| ३ | हाङ्गलाङ चिलाउनेटार, हिलेदमार हुदैं पाङथली झलुङ्गे पुल जाने बाटो स्तरीकरण | वर्षातको समयमा गएको पहिरोले स्थानीय बासिन्दाहरुलाई आवतजावतमा समस्या | ६,६५,०००/- | |
| ४ | पालुङ्गेटोल सिचाँई कुलो | विष्ट टोल तथा पालुङ्गेटोलको खेतीयोग्य जमिनमा सिचाँईको लागि बनाएको कुलो पहिरोले पूर्ण क्षति | ६,५०,०००/- | |

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा गाउँपालिकामा तपसिल बमोजिमका विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसूची - २ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वय गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा माथि छलफल गर्दा मनहरी गाउँपालिकाको सेवा करारमा कार्यरत कर्मचारीहरुको स्वईच्छिक राजिनामाका कारण रिक्त हुन पुगेको तथा दैनिक सेवा प्रवाहको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदहरुमा सेवा करारमा पदपुर्तीको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | रिक्त पदको विवरण | रिक्त पद संख्या | सेवा करार किसिम | कैफियत |
|---|---|---|---|---|

मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक/अ.स.ई | १ | सेवा करार | |
| २ | नगर प्रहरी जवान | १ | सेवा करार | |
| ३ | अ.हे.व (सहायक चौथो) | १ | सेवा करार | |
| ४ | ल्याब असिष्टेन्ट (सहायक चौथो) | १ | सेवा करार | |
| ५ | बालमैत्री सहजकर्ता | १ | मासिक ज्यालादारी (सम्बन्धित कार्यक्रम शिर्षकबाट तलब भत्ता पाउने गरी) | मनहरी गाउँपालिकाको वडा नं. ५, ६,७,८ र ९ हेर्ने गरी |
| ६ | कार्यलय सहयोगी | १ | सेवा करार (सम्बन्धित कार्यक्रम शिर्षकबाट तलब भत्ता पाउने गरी) | नागरिक आरोग्य केन्द्र |

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ८ स्थित देवकोट सिमपानी सामुदायिक वन उपभोक्ता समितिलाई पत्कर संकलन गरी अर्गानिक मल उत्पादन गर्न मेशिन खरिदको लागि आवश्यक रकम रु ५०००००। (अक्षरुपी पाँच लाख ) ६०/४० लागत सहभागिता कार्यक्रम शिर्षकबाट नगद रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को प्रदेश सरकारबाट बिनियोजित वित्तिय हस्ताण्तरण तर्फ विशेष अनुदान बजेट ईन्ट्रि गर्ने क्रममा खर्च शिर्षक चालु हुनुपर्नेमा पूँजिगत भएको हुँदा सो खर्च शिर्षक नं. लाई चालुमा संसोधन गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा नदिजन्य पदार्थको विक्रिबाट प्राप्त रकम फिर्ता गर्नु पर्ने हुन सक्ने भएकोले पछि विभाज्य कोषमा रकम ट्रान्सफर गर्ने गरी शुरुमा प्राप्त रकम धरौटीखातामा जम्मा गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतरुपमा पारित गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०६/२९ गतेको कार्यपालिका निर्णय नं. ४ संग सम्बन्धित अनूसुची - १

**खर्च अनुमोदन**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | स्विकृत शिर्षक | खर्च भएको शिर्षक | रकम | नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दुधमा अनुदान सापटी | सापटी | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | १२५३०३५७ | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र | |
| २ | दुधमा अनुदान सापटी | सापटी | चालुको पारिश्रमिक कर्मचारी/पदाधिकारी/बिपद ब्यवस्थापन | ७३०६८६८ | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र | |
| ३ | दुधमा अनुदान सापटी | सापटी | पुंजिगतको संघ र प्रदेश समानिकरण/आन्तरिक श्रोत/प्रदेश राजश्व बांडफाड | १३८००००० | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र | |
| ४ | दुधमा अनुदान सापटी | सापटी | पुंजिगत समपुरक ६० प्रतिशत गा.पा.तर्फबाट नेपाल सरकार समानिकरण | १२००००० | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र | |
| ५ | प्रदेश सशर्तको स्वास्थ्य कर्मचारीहरुको तलब भत्ता-श्रावण | प्रदेश सशर्त - चालु आधारभुत अस्पताल सुदृढिकरण | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | ३३६६७५ | डाक्टर, नर्श र बिधालय नर्शहरुको तलब | |
| ६ | प्रदेश सशर्तको स्वास्थ्य कर्मचारीहरुको तलब भत्ता- भाद्र र चाडपर्व | प्रदेश सशर्त - चालु आधारभुत अस्पताल सुदृढिकरण | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | ५९६३६४ | डाक्टर, नर्श र बिधालय नर्शहरुको तलब | |
| ७ | प्रदेश सशर्तको १ जना डाक्टरको भाद्र महिनाको तलब | प्रदेश सशर्त - चालु आधारभुत अस्पताल सुदृढिकरण | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | ३८९८९ | डा.निशान कृत शर्मा | |
| ८ | गत आ.ब.को बालविकास सहजकर्ता र कर्मचारीहरुको चैत्र बैशाख जेष्ठ र आषाढको तलब | गत आ.ब.को भुक्तानी दिन बांकी शिर्षक | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | २९९९७०० | बिधालयको खातामा निकासा | |
| ९ | श्रोत शिक्षक ब्यवस्थापन अनुदान- महेन्द्र ज्योती मा.बि. | गत आ.ब.को भुक्तानी दिन बांकी शिर्षक | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत- नगद | १३५०६७ | महेन्द्र ज्योती मा.बि. | |
| १० | वडा नं.२ बर्षातमा बाटो मर्मतको ईन्धन | २ नं. वडा सिलिङ्ग बजेट | समपुरक ६० प्रतिशत गा.पा.समानिकरण अनुदान | १००००० | वडा सचिव साजन लामा | |
| ११ | वडा नं.३ बर्षातमा बाटो मर्मतको ईन्धन | ३ नं.वडा सिलिङ्ग बजेट | समपुरक ६० प्रतिशत गा.पा.समानिकरण अनुदान | १००००० | वडा सदस्य हिराबहादुर प्रजा | |
| १२ | वडा नं.४ बर्षातमा बाटो मर्मतको ईन्धन | ४ नं. वडा सिलिङ्ग बजेट | समपुरक ६० प्रतिशत गा.पा.समानिकरण अनुदान | १००००० | का.पा.सदस्य मिरा खत्री | |
| १३ | वडा नं.५ बर्षातमा बाटो मर्मतको ईन्धन | ५ नं. वडा सिलिङ्ग बजेट | समपुरक ६० प्रतिशत गा.पा.समानिकरण अनुदान | १००००० | वडा सचिव विदुर पाठक | |
| १४ | वडा नं.६ बर्षातमा बाटो मर्मतको ईन्धन | ६ नं. वडा सिलिङ्ग बजेट | समपुरक ६० प्रतिशत गा.पा.समानिकरण अनुदान | १००००० | वडा सदस्य बिष्णुबहादुर राई | |
| १५ | सा.सु.परिचय पत्र नविकरण कार्यक्रम | ५ नं.वडा सिलिङ्ग बजेट | ५ नं.वडा संचालन खर्च | ६५००० | वडा सचिव विदुर पाठक | |
| १६ | बिपन्न परिवारका बालवालिकाहरुलाई शैक्षिक सामग्री बितरण | ५ नं.वडा सिलिङ्ग बजेट | ५ नं.वडा संचालन खर्च | २००००० | वडा सचिव विदुर पाठक | |
| १७ | बालक्लब /टोलबिकास समिति पुनर्गठन | ५ नं.वडा सिलिङ्ग बजेट | ५ नं.वडा संचालन खर्च | ३२४०० | वडा सचिव विदुर पाठक | |
| १८ | सा.सु.भत्ता नविकरण कार्यक्रम मनहरी ८ | घटना दर्ता तथा सा सु नविकरण घुम्ति शिविर-राजश्व बांडफाड स्थानीय | ८ नं.वडा संचालन खर्च | ३०००० | वडा सचिव शान्ति अधिकारी | |
| १९ | सा.सु.भत्ता नविकरण कार्यक्रम मनहरी ९ | घटना दर्ता तथा सा सु नविकरण घुम्ति शिविर-राजश्व बांडफाड स्थानीय | ९ नं.वडा संचालन खर्च | ३०००० | वडा सचिव शान्ति अधिकारी | |
| २० | रु.३ को दुधमा अनुदान सापटी | दुध उत्पादन अनुदान-राजश्व बांडफांड स्थानीय | विपद ब्यवस्थापन कोष-राजश्व बांडफांड संघिय | १०७८३८८ | ६ वटा सहकारी | |
| २१ | रु.३ को दुधमा अनुदान सापटी | दुध उत्पादन अनुदान-राजश्व बांडफांड स्थानीय | पारिश्रमिक पदाधिकारी- आन्तरिक श्रोत | २०००००० | ६ वटा सहकारी | |
| २२ | रु.३ को दुधमा अनुदान सापटी | दुध उत्पादन अनुदान-राजश्व बांडफांड स्थानीय | पारिश्रमिक कर्मचारी- आन्तरिक श्रोत | ४०००००० | ६ वटा सहकारी | |
| २३ | तिज कार्यक्रम | पर्वप्रोत्साहन- राजश्व बांडफांड- स्थानीय | विविध-राजश्व बांडफांड संघिय | १५०००० | अधिकृत ज्ञानेन्द्र ढकाल | |
| २४ | तिज कार्यक्रम | पर्वप्रोत्साहन- राजश्व बांडफांड- स्थानीय | विविध-राजश्व बांडफांड संघिय | १०९१२६ | अधिकृत ज्ञानेन्द्र ढकाल | |
| २५ | मृगौला तथा क्यान्सर पिडितहरुको मासिक उपचार सहयोग- २७ जना | मृगौला पिडित उपचार सहयोग- राजश्व बांडफांड प्रदेश | करार सेवा शुल्क-राजश्व वांडफांड संघय | ४०५००० | स्वास्थ्य संयोजक रामचन्द्र दहाल | |
| | | | | | | |

...लाखेती

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## खर्च गर्नुपर्ने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | क्रिया खर्च | काजकृया कार्यक्रम- संघीय सरकार राजश्व बाँडफाड | पारीश्रमिक पदाधिकारी आन्तरिक श्रोत | ३००००० | केशव सुवेदी समर्पण | |
| २ | नेपाल मध्यस्थ परिषद् | मध्यस्थ शुल्क | पूँजीगत परामर्श | ४९७१६४ | | |
| ३ | तिज विशेष सांस्कृतिक कार्यक्रम | वडा नं. १ | टोल विकास संस्था नयाँ गठन तथा अद्यावधिक | २५००० | अधिकृत ज्ञानेन्द्र ढकाल | |
| | | वडा नं. ३ | | १५००० | | |
| | | वडा नं. ५ | | २५००० | | |
| | | मनहरी गाउँपालिका | | २६६८२ | | |

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# अनूसुची – २

## मिति २०८२/०६/२९ गतेको कार्यपालिका बैठक निर्णय नं. ११ संग सम्बन्धित

| क्र.सं. | व्यक्ति संस्थाको नाम/ ठेगाना | विवरण | खर्च व्यहोर्ने शिर्षक | भुक्तानी हुने रकम |
|---|---|---|---|---|
| १ | राजु राई | उपचार खर्च | आर्थिक सहायता | १५,८०२। |
| २ | मनहरी ३ | वडा कार्यालयको नयाँ भवन निर्माणको लागि धनेश्वरी मन्दिरको सत्तलमाथि रहेको भवनबाट सेवा प्रवाह गर्न उक्त सत्तलको स्तरोन्ती | वडा नं. ३ वडा कार्यालय भवन निर्माण | १,७९,००० |
| ३ | आमाघर सेवा आश्रम | आमाघर सेवा आश्रममा आश्रित जेष्ठ नागरिकहरुलाई मुक्तिनाथ अवलोकनको लागि ३ दिन यातायातमा लाग्ने भाडा रकम आर्थिक सहयोग माग | आर्थिक सहायता | ४५ हजार |
| ४ | शंकर बाबु श्रेष्ठ मनहरी ६ | निजको पत्नी सारदा कोश्वारको दुवै आँखामा जलविन्दु भएको हुँदा र औषधी उपचारको लागि आर्थिक सहायता माग | आर्थिक सहायता | १० हजार |
| ५ | समिर रुम्बा मनहरी ८ | शुकलाल रुम्बा र अस्मिता थिङको छोरा समिर रुम्बाको उपचारको लागि आर्थिक सहायता माग | आर्थिक सहायता | ४० हजार |
| ६ | युना मुक्तान मनहरी ६ | कालिका मेडिकल एण्ड टेक्निकल ईन्स्टिट्युट मा ल्याब टेक्निसियन बढ्नको लागि आर्थिक सहायता माग | प्राविधिक शिक्षा तथा सिपमुलक शिक्षा अध्यापन गर्ने विद्यालय र विद्यार्थीहरुलाई छात्रवृत्ति अनुदान | १ लाख |
| ७ | लाल बहादुर रसाईली सुनार मनहरी १ | प्रेसर सम्बन्धि रोगको उपचारको लागि आर्थिक सहायता माग | आर्थिक सहायता | १५ हजार |
| ८ | विमला रसाईली सुनार मनहरी १ | किड्नी सम्बन्धी रोगको उपचारको लागि आर्थिक सहायता माग | आर्थिक सहायता | १५ हजार |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नीया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालिखिती
अध्यक्ष